# युगान्डामा नेपालीः बढ्दै छ संख्या

मनिष गौतम/युगान्डा

धनीमानी र शिक्षितहरुका लागि युरोप, अमेरिका अनि अर्धशिक्षित तथा न्यून आर्थिक अबस्थामा रहेकाहरुका लागि मलेसिया तथा खाडी जाने नेपालीहरुको संख्या बर्षेनि चुलिंदो छ । तर दक्षिणी गोलार्द्धको सीमानामा भू-मध्य रेखासंगै रहेको अफ्रिकी मुलुक युगान्डा पुगेर नेपालीहरुले आफ्नो सीप र क्षमता देखाएका छन् भन्ने कुरा विरलै सोचिन्छ । यस पूर्वी अफ्रिकी मुलुकमा काम गर्ने नेपालीको संख्या क्रमिक रुपमा बढ्दै छ ।

युगान्डाको राजधानी कम्पालामा अहिले झण्डै ७० जना नेपाली बिभिन्न पेसा अपनाएर काम गरिरहेका छन् । दशैं जस्तो चाडपर्व र अन्य अवसरमा एकै ठाउंमा भेला भई देशबाट बाहिरिएको न्यास्रो मेटाउंछन् ।

गरिवी, द्वन्दग्रस्त समाज र विकासोन्मुख यस मुलुकमा नेपालीहरुले आ-आफ्नै सीप र क्षमता प्रयोग गरी नेपालको अस्तित्व जनाएका छन् । 'यति टाढा त्यो पनि अफ्रिकी मुलुकमा कोही नेपाली आएर काम गर्छ भन्ने कुरा अझै पनि अपत्यारिलो लाग्न सक्छ' युगान्डास्थित आर्मर ग्रुपका अमेरिकी विभागका डेपुटी प्रोजेक्ट म्यानेजर गणेश गुरुङ्ग भन्छन्, 'तर हेर्दाहेर्दै यहाँ आएर काम गर्ने नेपालीको संख्या बढ्दो रहेको छ ।'

ब्रिटिस गोर्खाको २६ वर्षे फौजी जागिरबाट अवकाशप्राप्त गुरुङ्ग विगत एघार वर्षदेखि युगान्डामा रहेका छन् । अमेरिकी तथा बेलायती संयुक्त लगानीमा रहेको उनी काम गर्ने आर्मर ग्रुपले युगान्डामा रहेका अमेरिकी राजदूतावास र बेलायती उच्च नियोगका कर्मचारी लगायत यसका अन्य सुरक्षाको सम्पूर्ण जिम्मा लिएको छ । युगान्डास्थित अमेरिकी र बेलायती नियोगको सुरक्षाको प्रमुख जिम्मा यहाँ रहेका सोह्रजना नेपालीको नेतृत्वमा छ । उनीहरु सबै पूर्व ब्रिटिस गोर्खा सैनिक हुन् ।

'हामी अन्तरगत झन्डै साढे चारसय यहाँका नागरिक कार्यरत छन्' गुरुङ्ग भन्छन्, 'सैनिकको झैं तालीम अभ्यास दिएर उनीहरुलाई तह अनुसारको सुरक्षाको जिम्मेवार सुम्पन्छौं । तालीममा हतियार चलाउन समेत सिकाइन्छ ।'

आर्मर ग्रुप अन्तरगत कार्यरत यी सबै पूर्व ब्रिटिस गोर्खा सैनिकककोे कामको प्रशंसा पनि त्यतिकै छ । 'अहिलेसम्म हामी जिम्मेवारीबाट चुकेका छैनौं', गुरुङ्ग बताउंछन् ।

युगान्डामा रहेर प्रतिष्ठित संस्थामा काम गर्ने केही नेपालीहरु पनि छन् । उमानाथ सञ्जेल कन्सर्न वर्ल्डवाइड नामक एक गैरसरकारी संस्थाको सहायक निर्देशकको रुपमा कार्यरत एक प्रतिनिधि उदाहरण हुन् । यस अघि संयुक्त राष्ट्रिय संघिय निकाय अन्तरगत अफगानिस्तानमा

कार्यरत उनी विगत ४ वर्षेखि युगान्डामा सक्रिय छन् । 'लामो समयदेखि बिभिन्न आन्तरिक द्वन्दबाट गुज्रिएको युगान्डाको धेरै कुरा नेपालसंग मिल्दाजुल्दा छन्', सञ्जेल भन्छन्, 'नेपालमै पनि अन्तरराष्ट्रिय संस्थामा रहेर काम गरेको अनुभवले मलाई यहाँसम्म ल्याइपुऱ्यायो ।'

फोटोसम्बन्धी प्राविधिज्ञको रुपमा एक वर्षअघि दुईजना नेपाली युवा अहिले यहाँको राजधानी कम्पालास्थित फोटो स्टुडियोमा कार्यरत छन् । जोर्डनी व्यापारीको 'हाइटेक फोटोग्राफिक स्टुडियो'मा कार्यरत उनीहरुलाई कम्पनीले राम्रो तलब उपलव्ध गराएको छ । 'अफ्रिकामा आएर फोटो स्टुडियोमा काम गरिएला भन्ने कहिल्यै सोचिएको थिएन', चितवनका केदार कुंवर भन्छन्, 'काम गर्ने जोसले यति टाढाको मुलुकमा ल्याइपुऱ्यायो, तर हामीले यहाँ जे गरेका छौं त्यसमा सन्तुष्ट छौं ।'

कम्पालामा विगत पांच वर्षयता भारतीयहरुले खोलेका रेस्टुरांमा सेफ भएर काम गर्न जाने नेपाली प्रशस्तै भेटिन थालेका छन् । काठमाडौंबासी श्याम नेपाल यहाँ छिरेर लामो समयसम्म बसोबास गर्ने नेपाली मानिन्छन् । विगत एघार वर्षदेखि उनी यहाँको एक भारतीय रेस्टुरांमा प्रमुख सेफ भएर काम गरिरहेका छन् । अहिले प्रायः भारतीय रेस्टुरांमा नेपालीहरु सेफ र कामदारको रुपमा काम गरिरहेको भेटिन्छन् । उल्लेख्य कुरा के छ भने उनीहरु नेपालबाट नभई भारतबाट यहाँ छिरेका हुन् । भारतका बिभिन्न होटल तथा रेस्टुरेन्टमा काम गरिरहेकाहरु यी नेपालीहरु बिभिन्न सर्म्पर्कले युगान्डा आइरहेका छन् । नेपाली कामदारलाई भारतीयको तुलनामा कम पैसा दिए पनि हुने र उनीहरुको व्यबसायिकताका कारण उनीहरु रोजाइमा परेका हुन् ।

घरेलु कामदारका रुपमा पनि झन्डै एक दर्जन नेपाली काम गरिरहेको गुरुङ्ग बताउंछन् । 'यी मध्ये कतिपयले दुःख पाएका छन् र उनीहरुमाथि शोषण भएको छ', गुरुङ्ग भन्छन्, 'कम ज्याला दिएर ल्याइएका उनीहरु घरभित्रकै काममा खटिनु पर्छ । उनीहरुको राहदानी मालिकले जफत गरिदिएकाले उनीहरु स्वतन्त्र रुपमा घुमफिर पनि गर्न पाउंदैनन् ।'

युगान्डाका लागि नेपाल पनि एउटा अपरिचित मुलुक नै हो । यहाँका कतिपयले नेपाल भन्ने देशको नाम पनि सुनेकासम्म थिएनन् । तर १९ दिने लामो जनआन्दोलनका कारण सिएनएन तथा बिबिसी लगायत अन्य सञ्चारमाध्यमले यहाँको समाचार निरन्तर प्रसारण गरेपछि धेरै युगान्डाली नागरिकले नेपालबारे थाहा भएको कुंवर बताउंछन् । उनी भन्छन् 'कतिपयले त तिमी नेपालीहरु त निकै निडर र संगठित रहेछौं र निरंकुश राजतन्त्र ढाल्यौ भन्ने समेत प्रतिक्रिया दिएका थिए ।'

श्रोतः समय (राष्ट्रिय साप्ताहिक), पुस २७, २०६३